आज मिति २०७९ साल वैशाख २८ गते बुधबार प्रमुख जिल्ला अधिकारी श्री कृष्णप्रसाद लम्सालज्यूको अध्यक्षतामा जिल्लामा क्रियाशिल राजनैतिक दल सँग समन्वय बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

विशेष उपस्थिति:-

माननीय सदस्य श्री भूमि त्रिपाठी - प्रतिनिधि सभा
माननीय सदस्य श्री खेम प्रसाद लोहनी - प्रतिनिधि सभा
माननीय मन्त्री शालिकराम जमरकटेल - आर्थिक मामिला तथा योजना मन्त्रालय बागमति प्रदेश

माननीय न्यायधीश तथा मुख्य निर्वाचन अधिकृत श्री रमेशप्रसाद ज्ञावली - धादिङ जिल्ला अदालत

उपस्थिति:-

१. प्रमुख जिल्ला अधिकारी श्री कृष्णप्रसाद लम्साल - जिल्ला प्रशासन कार्यालय
२. पार्टी सभापति श्री रामनाथ अधिकारी - नेपाली काग्रेस
३. जिल्ला अध्यक्ष श्री मनराज भणडारी - नेकपा(माओवादी केन्द्र)
४. जिल्ला अध्यक्ष श्री गुरुप्रसाद बुर्लाकोटी - ने.क.पा. एकिकृत समाजवादी
५. जिल्ला उपाध्यक्ष श्री श्याम बहादुर सिंह ठकुरी - रा.प्र.पा.
६. जिल्ला सचिव श्री तिर्थ सिलवाल- ने.क.पा. माले
७. प्रतिनिधि श्री शिवनिधि खनाल- ने.क.पा. एकिकृत समाजवादी
८. पूर्व पार्टी सभापति श्री रमेश धमला - नेपाली काग्रेस
९. प्र.से. श्री अशोक राज बराल- शिवदल गण
१०. प्र.उ श्री राकेश सिंह- जिल्ला प्रहरी कार्यालय
११. उप-अ.नि श्री दिपक उप्रेती- राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
१२. स.प्र.ना.उ. श्री यमुना सिम्खडा, स.प्र.बल नेपाल- आश्रित गुल्म
१३. सहायक प्रमुख जिल्ला अधिकारी श्री ध्रुव प्रसाद कोइराला - जिल्ला प्रशासन कर्यालय
१४. जिल्ला समन्वय अधिकारी श्री चेतनाथ अर्याल- जिल्ला समन्वय समितिको कार्यालय
१५. प्रमुख प्रशासकिय अधिकृत श्री नेत्र पौडेल- नीलकण्ठ न.पा.
१६. प्रमुख कोष नियन्त्रक श्री पुरुषोत्तम शर्मा -को.ले.नि.का.
१७. सेनानी, श्री धिरज पण्डित- शिवदल गण
१८. स.प्र.नि., श्री हेमन्त सिंह- स.प्र.बल नेपाल आश्रित गुल्म

निर्णयः-

१. आगामी वैशाख ३० गते हुन गै रहेको स्थानीय तह सदस्यको निर्वाचनको हालसम्मको प्रविधिक र व्यबस्थापकिय तयारी वारे मुख्य निर्वाचन अधिकृत ज्यूवाट राजनैतिक दलका प्रमुख तथा प्रतिविधिहरुलाई मोटामोटी रुपमा जानकारी गराउनु भयो। यस सम्वन्धमा दलहरुका प्रतिनिधिहरुवाट थप सुझावहरु प्राप्त भयो।

२. स्थानिय तहको निर्वाचनको प्रचार प्रसार गर्ने क्रममा पछिल्लो समय मुलत प्रचार प्रसारको अन्तिम दिन हिजो २०७९/०१/२७ गते जिल्लाको केही पालिकाहरुमा भै गरेका झडप र हिंशा प्रति सवै दलहरुको तर्फवाट गम्भिर समिक्षा, लेखा जेखा गरियो। हिजोको दिनमा स्थानिय स्तरमा भएका घटनाहरुको न्यूनिकरणका लागि सुरक्षा निकायवाट भए गरेका प्रयासहरुका वारेमा जिल्ला सुरक्षा समितिका सदस्यहरु वाट जानकारी गराइयो।

३. विगतका वर्षहरुमा पनि यस जिल्लामा हुने गरेका विवादहरुलाई जिल्लाका राजनैतिक पार्टी र तिनका नेतृत्व वाट आपसमा वसि निरुपण गरिएका राम्रा अभ्यास हरुलाई जारी राख्दै निर्वाचनका वाकी दिनहरु (मौन अपधि) र तत् पश्चातका दिनमा पनि समाजमा अमनचयन कायम गर्दै शान्ति सुरक्षा प्रदान गर्ने कार्यमा आ-आफ्नो पार्टि पङ्तिलाई समेत जिल्लास्तरबाट निर्देशन र सुझाब दिने निर्णय गरियो ।
साथै हिंशात्मक कृयाकलापहरुलाई वढावा दिने क्रम बढेको र सो को श्रृंखला वृद्धि हुदै गइ अनियन्त्रित हुने अवस्था आएमा प्रचलित कानुन बमोजिमको प्रकृया अघि बढाउन सम्बन्धित निकाय/अधिकारीहरुलाई सुझाब दिने निर्णय गरियो ।

४. माथी उल्लेखित विषयहरुको कार्यान्वयन/पालनाबाट स्थानिय तहको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वाताबरणमा सम्पन्न गर्ने गराउने दिशामा सबैको प्रतिवद्धता व्यक्त गरियो ।